# जातीय अल्पसंख्यकहरुको समानताको प्रवर्द्धनका लागि
# विध्यमान उपायहरू

## मतदाता दर्ता तथा निर्वाचनसम्बन्धी सेवाहरु

निर्वाचन मामिला आयोगको कार्यकारी निकायको रुपमा दर्ता तथा निर्वाचन कार्यालय (REO) निर्वाचन मामिला आयोग अध्यादेश (अध्याय 541) अन्तर्गतका कानूनी कार्यहरुको कुशल कार्यसम्पादनका लागि प्रशासनिक सहयोग पुर्याउन जिम्मेवार रहेको छ। यसमा निर्वाचन क्षेत्रको पुनरावलोकन तथा क्षेत्र निर्धारण, मतदाताहरुको दर्ता, निर्वाचन निर्देशिका तथा प्रतिवेदनहरुको संकलन, निर्वाचन गराउने तथा सुपरिवेक्षण गर्ने र उजुरीहरुको व्यवस्थापन गर्ने कार्य पर्दछन् ।

सरकारले जातीय समानतालाई सान्दर्भिक नीति तथा उपायहरूको तर्जुमा, कार्यन्वयन र पुनरावलोकनमा एक अभिन्न अङ्ग मान्दै यसलाई धेरै महत्व दिन्छ । यसको अनुभूतिको लागि REO ले जातीय अल्पसंख्यकहरुको मतदाता दर्ता तथा चुनावी कुराहरूसम्बन्धी जानकारीमा पहुँचमा सहज बनाउन विभिन्न उपायहरू तयार गरेको छ ।

## A. मतदाता दर्ता

| | |
|---|---|
| विध्यमान उपायहरु | • मतदाता दर्ता सम्बन्धमा प्रमुख जानकारीहरू मतदाता दर्तासँग सम्बन्धित वेबसाइटमा सातवटा जातीय अल्पसंख्यकहरूको भाषामा[1] प्रकाशित गरेको छ ।यस्ता जानकारीहरू सूचना तथा प्रश्नोत्तर समूहको रुपमा राखिएको छ । यसले जातीय अल्पसंख्यकहरूलाई मतदाता दर्ताको लागि योग्यता, वैधानिक प्रक्रिया र अन्तिम मितिबारे बुझ्न धेरै मद्दत गर्नेछ ।<br><br>• जातीय अल्पसंख्यक बासिन्दाहरूको सद्भाव र संवर्धनको |

[1] उक्त सात EM भाषाहरुमा बहसा इन्डोनेशिय, हिन्दी, नेपाली, पन्जाबी, तागालग, थाई र उर्दू पर्दछन्।

लागि केन्द्र (CHEER) को न्युजलेटरमा मतदाता दर्तासम्बन्धी जानकारीहरू सातवटा जातीय अल्पसंख्यक भाषामा[1] प्रकाशित गरिन्छ । त्यसैगरी चुनावका वर्षहरूमा मतदाता दर्ता अभियानको समयमा चारवटा जातीय अल्पसंख्यक भाषामा[2] मतदाता दर्ता सन्देशहरू प्रकाशित गरिन्छन् ।

- मतदाता दर्ताको लागि आठवटा अल्पसंख्यक सहयोग सेवा केन्द्रहरू[3] रहेका छन् जहाँ मतदाता दर्तासम्बन्धी पोस्टरहरू प्रदर्शन गरिन्छन्, जातीय अल्पसंख्यकहरूका लागि मतदाता आवेदन फाराम उपलब्ध गराइन्छ र मतदान वर्षहरूमा हुने मतदाता दर्ता अभियानको समयमा मतदाता दर्ताको लागि आवेदन गर्ने कार्यमा जातीय अल्पसंख्यकहरूलाई मद्दत गर्ने मतदाता दर्ता काउन्टरहरू स्थापना गरिन्छन् ।

- मतदाता दर्तासँग सम्बन्धित प्रमुख सन्देशहरू पाँचवटा EM भाषामा[4] रेडियोमार्फत् प्रशारण गरिन्छन् ।

- जातीय अल्पसंख्यकहरूको लागि विद्यमान मतदाता दर्ता सेवाहरूको पुनरावलोकनमा मद्दत गर्ने जातीय अल्पसंख्यकहरूको विचारहरुको संकलन गर्ने जातीय अल्पसंख्यक सहयोग सेवा केन्द्रहरूमा सर्भेक्षण फारामहरू वितरण गरिन्छन् र मतदान वर्षहरूमा जातीय अल्पसंख्यकहरूलाई मतदाता दर्ता जानकारी प्रदान गर्ने प्रचारप्रसार विस्तार गरिन्छ ।

- मतदाता नामावली दर्तासंग सम्बन्धित विषयहरुमा जानकारी

---

[2] चार EM भाषाहरूमा बहासा इन्डोनेसिया, नेपाली, टागलाग र उर्दू समावेश छ।

[3] उक्त आठ EM सहायता केन्द्रहरु CHEER केन्द्र(क्वुन तोंग), गृह केन्द्र (याउ सिम मोंग), गृह उपकेन्द्र (साम सुई पो), होप केन्द्र (वानचाई), लिंक केन्द्र (क्वाई सिंग) साइन केन्द्र (टुएन मुन), टच उप केन्द्र (टुंग चुंग) र वाईएलटीएच केन्द्र (युएन लंग) पर्दछन् ।

लिनका लागि EMs सहयोग गर्न जातीय अल्पसंख्यक निवासीको अभिवृद्धि तथा सामन्जस्यता केन्द्र CHEER संगको ससकर्यमा दर्ता तथा निर्वाचन कार्यालयले (REO) सबै सातवटा EM भाषामा[1] निशुल्क निर्वाचन हटलाइन टेलिफोन सेवा मार्फत टेलिफोन अनुवाद सेवा प्रदान गर्दछ ।

| | |
|---|---|
| भविष्यको कामको लेखाजोखा | • REO ले समय समयमा जातीय अल्पसंख्यकहरूको लागि यसले प्रदान गर्ने सेवाको पुनरावलोकन गर्नेछ, अग्रभागमा रहेर कार्य गर्ने कर्मचारीहरूको लागि जातीय अल्पसंख्यकहरूसँग वार्तालाप गर्ने उनीहरूको संचार क्षमतामा सुधार गर्न तालिम विकास गर्नेछ र व्यावहारिक भएसम्म उनीहरूलाई मतदाता दर्ता जानकारी प्रदान गर्ने यसको प्रचारप्रसार प्रयासलाई निरन्तर राख्दै मतदाताको रुपमा योग्य जातीय अल्पसंख्यकहरूलाई प्रोत्साहित गर्ने र मद्दत गर्ने प्रभावकारी माध्यम खोज्नको लागि गैरसरकारी संस्थाहरूसँग बैठक र छलफलको आयोजना गर्ने कार्यलाई निरन्तरता दिनेछ । |

## B. निर्वाचन सम्बन्धी मामिलाहरु

| | |
|---|---|
| विध्यमान उपायहरु | • चुनावी वर्षको समयमा सान्दर्भिक जानकारीहरू बुझ्ने कार्यमा जातीय अल्पसंख्यकहरूलाई मद्दत गर्न मतदानसँग सम्बन्धित कुराहरूमा प्रमुख सन्देशहरू, विशेषगरी मतदान प्रक्रियाहरूलाई सातवटा जातीय अल्पसंख्यक भाषामा[1] सम्बन्धित चुनावी वेबसाइटमा राखिन्छ र आठवटा जातीय अल्पसंख्यक सहयोग सेवा केन्द्रहरूमा[3] प्रदर्शन गरिन्छ ।<br>• जिल्ला परिषद सामान्य निर्वाचन तथा व्यवस्थापिका परिषद आम निर्वाचनको मनोनयन तथा अपिलको लागि हुने विज्ञापनहरु सात जातीय अल्पसंख्यक पत्रिका तथा जातीय अल्पसंख्याक सहयोग सेवा केन्द्रले[3] प्रकाशित गर्ने मुखपत्र |

(न्युजलेटर) मा राखिनेछ ।

- आवश्यकता अनुसार जातीय अल्पसंख्यकहरूलाई मतदानको दिन उनीहरूको मतदान गर्ने कुरामा मद्दत गर्न हरेक मतदान केन्द्रमा सातवटा जातीय अल्पसंख्यक भाषामा[1] मतदानको प्रक्रियासम्बन्धी आवश्यक जानकारी छापिएर राखिएको भाषा सहयोग फोल्डर र मतदान चरणहरूको सचित्र मार्गदर्शनको एउटा सेट उपलब्ध गराइन्छ ।

- मतदान प्रक्रिया बुझ्न तथा निर्वाचनसँग सम्बन्धित विषयहरुमा जानकारी लिनका लागि जातीय अल्पसंख्यकहरुलाई सहायो गर्न जातीय अल्पसंख्यक निवासीको अभिवृद्धि तथा सामन्जस्यता केन्द्र (CHEER) सँगको सहकार्यमा दर्ता तथा निर्वाचन कार्यालयले टेलिफोन हटलाइन मार्फत सात जातीय अल्पसंख्यक भाषाहरु[1] मा निशुल्क अनुवाद सेवा प्रदान गर्दछ ।

- कुनै पनि निर्वाचन बर्षमा निर्वाचनसम्बन्धी जानकारी प्रसार गर्न तथा मतदाताहरुलाई मतदान गर्न अपिल गर्नका लागि पाँच जातीय अल्पसंख्याकहरुको भाषामा[4] रेडियो मार्फत संदेशहरु प्रसार गरिन्छ।

- गृह मामिला विभागको जातीय सम्बन्ध इकाइको होमपेजमा ६ वटा जातीय अल्पसंख्यक भाषाहरूमा[5] मतदानसम्बन्धी जानकरीहरू उपलब्ध छन् (www.had.gov.hk/rru)।

- चिनिया भाषा पढ्न नसक्ने मतदाताहरूद्वारा सजिलै बुझ्ने कार्य सहज बनाउन उम्मेदवारहरूलाई अंग्रेजी र/वा जातीय अल्पसंख्यक भाषाहरूमा निर्वाचन तथा मतदान विज्ञापनहरू

[4] पाँच EM भाषाहरूमा बहासा इन्डोनेशिया, हिन्दी, नेपाली, थाई र उर्दू समावेश छ।

[5] उक्त छवटा EM भाषाहरुमा बहसा इन्डोनेशिय, हिन्दी, नेपाली, तागालग, थाई र उर्दू पर्दछन्।

उपलब्ध गराउने अपील गरिन्छ ।

| | |
|---|---|
| भविष्यको कामको लेखाजोखा | • दर्ता तथा निर्वाचन कार्यालयले जातीय अल्पसंख्यकहरुलाई प्रदान गर्ने सेव्हरु, व्यावहारिकताको हदसम्म समय-समयमा, पुनरावलोकन गर्नेछ र निर्वाचनसम्बन्धी प्रमुख जानकारीहरु जातीय अल्पसंख्यकका मतदाताहरुलाई प्रदान गर्ने आफ्नो प्रयासलाई अभिवृद्धि गर्न जारि राख्नेछ । |

**सोधपुछ**

देहाय बमोमिमका माध्यमहरु मार्फत सोधपुछ गर्न सकिनेछ -

| | |
|---|---|
| सोधपुछ नम्बर: | 2649 7786 (वरिष्ठ निर्वाचन अधिकृत (भौगोलिक निर्वाचन क्षेत्र/मतदाताको रजिस्ट्रेसन) (मतदाता दर्तासम्बन्धी विषयहरुका लागि)<br>3580 2605(निर्वाचन अधिक्रती (निर्वाचन महाशाखा ३) विशेष सहयोग ३) (निर्वाचनसम्बन्धी विषयहरुका लागि) |
| इमेल: | reoenq@reo.gov.hk |

**दर्ता तथा निर्वाचन कार्यालय**
**जुलाई 2019**